मुनाल
नेपाल पन्छी संरक्षण संघको त्रैमासिक पत्रिका

वर्ष २६ | अङ्क ४ | चैत २०८२

# डुबुल्की चराको दुःखद मृत्यु

## एउटा दुर्लभ पाहुना चराले उठाएका गम्भीर प्रश्नहरू

- नवराज पोखरेल

एक हिउँदे बिहान काठमाडौँको व्यस्त शहर दशरथ रङ्गशालामा भेटिएको एउटा दुर्लभ पाहुना चराले केही दिनमै हजारौँ किलोमिटर लामो आफ्नो बसाइसराइ यात्रा अधुरै अन्त्य गऱ्यो। सुरुमा सामान्य पखेटाको चोट लागेको जस्तो देखिएपनि उपचारका क्रममा निको हुँदै गएको यो चरा प्राकृतिक वासस्थानमा फर्काइने तयारी भइरहेकै दिन अकस्मात् मरेपछि संरक्षणकर्मीहरू स्तब्ध भए। पोस्टमार्टमले मृत्युको कारण बाहिरी चोट नभई शरीरभित्रको गम्भीर समस्या रहेको देखायो। यस घटनाले प्रवासी चराहरुले सामना गरिरहेका अदृश्य वातावरणीय जोखिमबारे फेरि एकपटक गम्भीर प्रश्न उठाएको छ।



सिउरे डुबुल्की चरा, तस्विर: आयुश्मान कायस्थ

# सम्पादकीय

हिउँदे आगन्तुक चराहरूको बिदाइ र ग्रीष्ममा आउने चराहरूको स्वागत गर्न यतिखेर हाम्रो देशको वन जङ्गल, नदी नाला, ताल तलैया, घाँसेमैदान साथै कृषियोग्य जमिनहरू तल्लिन छन। बसाइसराइ गरी आउने प्रवासी चराको लागि महत्त्वपूर्ण भूमि नेपाल विश्वमै प्रख्यात छ। हाँस, फ्यालफ्याले, डुबुल्की चरा, ठूलो जलेवा, हलीमुख, सुड्सुडिया प्रजातिहरू माघदेखि चैतसम्म बिस्तारै आफ्नो प्रजनन गर्ने ठाउँ उत्तरी ध्रुवतिर फर्कने गर्दछन् भने स्वर्गचरी, कोइली, मुरलीचरा, अर्जुनक, पिट्टालगायत थुप्रै प्रजातिका चराहरू भने सोही समयमानै नेपाल आउने गर्दछन्।

शिशिर ऋतुको मध्यदेखि वसन्त ऋतुको सुरुवात हुने समय भनेको चरा चुरुङ्गीसँगै सम्पूर्ण जैविक विविधताको लागि निक्कै नै चुनौती हुने गर्दछ। सुख्खा मौसम, वनफडानी, वन डढेलो, वातावरण प्रदुषण, सिमसारको क्षयीकरण, वासस्थान अतिक्रमण र विनासको प्रवल सम्भावना निक्कै धेरै हुने हुँदा चराको वासस्थान, आहारामा कमि हुनुको साथसाथै बसाइसराइमा पनि असर पर्दछ। अव्यवस्थित विकास कार्य विद्युतीय प्रसारण लाइन, बाटोघाटो, खेतबारीमा प्रयोग गरिने विषादी आदिले पनि चराको वासस्थान, बसाइसराइको क्रममा प्रयोग गर्ने अस्थाइ विश्रामस्थल साथै बसाइसराइको मार्गमा नै असर गर्दछ।

नेपाल पन्छी संरक्षण संघले विभिन्न परियोजना अन्तर्गत उल्लेखित चुनौतीहरू न्यूनीकरण गर्न समुदाय स्तरमा चरा संरक्षणसम्बन्धी सचेतना कार्यक्रम, चरा पहिचानसम्बन्धी तालिम, सामुदायिक वन सँगको सहकार्यमा पुनर्भरण पोखरी निर्माण, वृक्षारोपणजस्ता कार्य गर्दै आइरहेको छ। यद्यपि संरक्षण केवल केही संस्था वा विज्ञहरूको जिम्मेवारी मात्र नभई स्थानीय समुदाय, विद्यालय, सञ्चारमाध्यम, सरकारी निकाय, निजी क्षेत्र र प्रत्येक नागरिकको सक्रिय सहभागिता अपरिहार्य छ। चराको वासस्थान संरक्षण, सिमसार र वनको दिगो व्यवस्थापन, वैज्ञानिक अनुसन्धानको प्रवर्द्धन तथा प्रकृतिमैत्री विकास नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नसके मात्र दीर्घकालीन संरक्षण सम्भव हुनेछ।

मुनालको यस अङ्कमार्फत हामी सबै प्रकृतिप्रेमी पाठक तथा सरोकारवालालाई नेपाल पन्छी संरक्षण संघले चराचुरुङ्गी संरक्षणसँगै जीविकोपार्जनको लागि समुदायस्तरमा स्वावलम्बनका कार्यक्रमहरू भइरहेको कुराको उल्लेख गर्दछ। यहाँहरूको सानो प्रयास जस्तै रुख जोगाउने, सिमसार सफा राख्ने, पर्यापर्यटनलाई बढावा गर्ने तथा संरक्षणका गतिविधिमा सहभागी हुनाले पनि ठुलो परिवर्तन ल्याउन सक्छ। प्रकृति संरक्षण नै चराहरूको सुरक्षित भविष्य सुनिश्चितताको आधार हो। आउनुहोस्, प्रकृतिसँग सहयात्रा गर्दै आगामी पुस्ताका लागि समृद्ध जैविक विविधता संरक्षण गर्ने सामूहिक सङ्कल्प गरौँ।

मिति २०८२ चैत २ गते बिहान व्यायाम गरिरहेका राकेश बज्राचार्यले काठमाडौँको दशरथ रङ्गशालामा घाइते अवस्थामा रहेको एउटा अनौठो चरा देख्नुभयो। यसअघि कहिल्यै नदेखेको, लामो चुच्चो भएको फरक प्रजातिको चरा देखेपछि उहाँले यो दुर्लभ चरा हुन सक्ने अनुमान गर्दै यसको उद्धार गर्नुपर्ने आवश्यकता महसुस गर्नुभयो। त्यसपछि उहाँले वन्यजन्तु फोटोग्राफर आयुष पाण्डेलाई जानकारी गराउनुभयो। उद्धार कार्य जोखिमपूर्ण तथा कानुनी रूपमा संवेदनशील हुने र आफ्नो कार्य-व्यस्तताले गर्दा नभ्याउने भएपछी उहाँले नेपाल पन्छी संरक्षण संघ (BCN) र वन्यजन्तु फोटोग्राफर आयुष्मान कायस्थलाई सम्पर्क गर्नुभयो। जानकारी प्राप्त हुनासाथ BCN को टोली र आयुष्मान कायस्थ घटनास्थलमा पुगेर चराको उद्धार गर्यो।

पहिचानका क्रममा उक्त चरा काठमाडौँमा विरलै देखिने हिउँदे आगन्तुक सिउरे डुबुल्की चरा (Great Crested Grebe) रहेको पुष्टि भयो। यसको वैज्ञानिक नाम *Podiceps cristatus* हो। लामो र पातलो घाँटी, तिखो तथा लामो चुच्चो, रातो आँखा तथा प्रजनन मौसममा टाउकोमा देखिने कालो जुरो र अनुहारका दुवैतर्फ फैलिएका रातो-खैरो र कालो प्वाँख यसका प्रमुख पहिचान हुन्। अनुहार र घाँटीको अगाडिको भाग सेतो, ढाड तथा शरीरको माथिल्लो भाग गाढा खैरोदेखि कालो रङ्को र तल्लो भाग सेतो हुन्छ। शरीरको पछाडितर्फ रहेका खुट्टा र औँलामा हुने पातजस्ता लोबका कारण यो उत्कृष्ट पौडीबाज र गोताखोर भएपनि जमिनमा हिँड्न भने केही असहज हुन्छ। यसको शरीरको लम्बाइ करिब ४६-६१ से.मी., तथा तौल करिब ०.८-१.५ के.जी. सम्म हुन्छ।

उद्धारका क्रममा चराको एउटा पखेटामा सामान्य चोट लागेको देखिएपछि BCN टोलीले तत्काल केन्द्रीय रेफरल पशु चिकित्सालयमा लगेर प्राथमिक उपचार गरायो। प्रारम्भिक परीक्षणपछि पशु चिकित्सक डा. प्रकाश अधिकारीले चोट गम्भीर नभएको र केही दिनको उपचारपछि चरा पुन: उड्न सक्ने सम्भावना रहेको जानकारी दिनुभयो। अस्पतालमा लामो समय उपचार सम्भव नभएकाले पशु चिकित्सकको सल्लाह तथा BCN टोलीको सहमतिमा चरालाई थप उपचारका लागि ललितपुरको जावलाखेलस्थित सदर चिडियाखानामा स्थानान्तरण गरिएको थियो।

सदर चिडियाखानाकी पशु चिकित्सक डा. दिव्या पौडेलको निगरानीमा उपचार सुरु भएपछि चराको स्वास्थ्यमा क्रमिक सुधार देखिएको थियो। करिब एक सातापछि चरा सामान्य अवस्थामा फर्किएको देखिएकाले मिति २०८२ चैत १० गते प्राकृतिक वासस्थानमा पुन: छाड्ने तयारीसमेत गरिएको थियो। तर, दुर्भाग्यवश, सोही दिन उक्त चराको मृत्यु भएको जानकारी प्राप्त भयो। पोस्टमार्टम रिपोर्टले मृत्युको कारण पखेटाको चोट नभई फोक्सोमा रगत जमेको (Pulmonary Congestion), कलेजोमा समस्या आएको (Fragile Liver) तथा मृगौला सुन्निएको (Swollen Kidneys) रहेको देखायो। उपलब्ध लक्षणका आधारमा शरीरमा उच्च मात्रामा सिसा विषाक्तता (Lead Contamination) भएको हुन सक्ने सम्भावनालाई पनि एउटा महत्त्वपूर्ण कारणका रुपमा हेरिएको छ, यद्यपि यसको वैज्ञानिक पुष्टि हुन भने थप अनुसन्धान आवश्यक छ।

मध्य एसिया र उत्तरी एसियाका देशहरू मङ्गोलिया, कजाकिस्तान, रुस, साइबेरिया, चीन र तिब्बतलगायतका क्षेत्रमा प्रजनन गर्ने सिउरे डुबुल्की चरा हिउँद सुरु भएपछि जाडो छल्न र आहाराको खोजीमा दक्षिणतर्फ बसाइ सर्ने गर्छ। प्रत्येक वर्ष लाखौँ प्रवासी चराहरू

नेपालका सिमसार, नदी, ताल तथा घाँसेमैदानमा आउने गर्छन्। नेपाल हुँदै बसाइसराइ गर्ने यी चराहरूले सेन्ट्रल एसियन फ्लाइवे प्रयोग गर्छन्, जुन विश्वका प्रमुख सात अन्तर्राष्ट्रिय फ्लाइवेमध्ये एक हो।

दशरथ रङ्गशालामा भेटिएको यो दुर्लभ पाहुना चराको परिवारका एक सदस्य दुई वर्ष पहिले पहिलो पटक काठमाडौँको टौदहमा आइपुगेको थियो, सायद उसैले बाटोको बारेमा जानकारी गराएको हुनाले यस्ले पनि यहि बाटो प्रयोग गरेको हुन सक्छ। तर दुर्भाग्यबस कसरी घाइते भयो र उपचारपछि निको हुँदै गर्दापनि किन बच्न सकेन भन्ने प्रश्नहरूको उत्तर अझै स्पष्ट छैन। तर यो घटनाले प्रवासी चराहरूले जलवायु परिवर्तन, वासस्थानको क्षय, प्रदूषण, विषाक्त पदार्थ तथा मानवीय गतिविधिबाट सिर्जित अनेकौं जोखिम सामना गरिरहेको यथार्थलाई पुन: उजागर गरेको छ। विशेषगरी सिमसार क्षेत्रहरू जस्तै नदीनाला, ताल तलैया जस्ता ठाउँमा सिसा प्रदूषणजस्ता वातावरणीय विषाक्त पदार्थको प्रभावबारे थप अनुसन्धान, नियमित निगरानी तथा प्रभावकारी नियन्त्रण आवश्यक रहेको यस घटनाले स्पष्ट सन्देश दिएको छ। काठमाडौं उपत्यकामा भएका नदिनालाहरू ढलमुक्त र कञ्चन पानी बग्ने वातावरण हुन सकेमा यो ठाउँ बसाइसराइ गर्ने चराहरूको लागि निक्कै नै राम्रो विश्रामस्थल हुने गर्दछ जसले गर्दा यसरी बिच बाटोमै प्राण त्याग नभई शरीरलाई पुनर्भरण गरी पुन: आफ्नो गन्तव्यमा फर्कनेको लागि ठुलो टेवा पुग्दछ। यो सिउरे डुबुल्की चराको मृत्यु एउटा दुर्लभ चराको मात्र क्षति होइन, नेपाल हुँदै प्रत्येक वर्ष लाखौं किलोमिटर यात्रा गर्ने प्रवासी चराहरूको सुरक्षाप्रति हाम्रो जिम्मेवारीलाई फेरि एकपटक गम्भीर रुपमा सम्झाएको छ।



कविता

# चरा
## प्रकृतिको सुन्दर उपहार

*चरा एक सुन्दर प्रकृतिको सुन्दर उपहार*
*बाँच्न देऊ न उसलाई, बाँच्ने उसको अधिकार।*
*उड्न भनी पखेटा फिजाउँदा, किन गर्छौ हत्या ?*
*यति सानो, निर्दोष प्राणी मारेर किन बन्छौ निहत्था ?*

*प्रकृतिमा रहे मात्रै, रहन्छौं हामी पनि खुशी,*
*व्यर्थैमा किन बन्छौ पापको भागीदार ?*
*सम्झ एकपटक आफ्ना सन्तानलाई–*
*के ऊ पनि होइन त कसैको संसार ?*

*जसरी हामी बाँच्न चाहन्छौं स्वतन्त्र भई,*
*चरालाई पनि मन पर्छ खुला आकाश।*
*अधिकार सबैको एउटै, सबैका लागि समान,*
*नफैलाऊ चरामाझ मानिसको डर र त्रास।*

*सक्छौ भने सहयोग गर्न,*
*चरा संरक्षणमा हातेमालो गरौं।*
*लागौं सबै एकजुट भई,*
*चराको बाँच्ने अधिकार सुनिश्चित गरौं।*



पहाडी कोकले, तस्विर: नवराज पोखरेल

– पुजा गुरुङ

आफ्नै घर वरिपरि प्राय: देखिने १०० वटा चराहरू समावेश गरिएको

छिमेकी चरा
मोबाइल एप
प्रयोग गरी चरा चिनौं। एवम् त्यसको गणना गरी छिमेकी चरा अभियानमा सहभागी बनौं।

https://play.google.com/store/apps/details?id=com.chhimeki charaapp&hl=ne&gl=US&pli=1

## माइपोखरीमा नयाँ परियोजनाको सुरुवात

नेपाल पन्छी संरक्षण संघले इलाम जिल्लाको सन्दकपुर गाउँपालिकामा 'समुदाय र प्रकृतिको हितका लागि दिगो वित्तीय संयन्त्रमार्फत माई उपत्यका वन क्षेत्रको संरक्षण' परियोजना लागू गरेको छ। परियोजनाको मुख्य उद्देश्यलाई तीनवटा भागमा विभाजन गरिएको छ। पहिलो, परियोजना क्षेत्रमा गैरकाष्ठ-वन पैदावारको खेती, उत्पादन, मूल्य अभिवृद्धि र बजारीकरणको विकास गर्ने, दोस्रो, दिगो संरक्षण कोष तथा लाभ बाँडफाँड संयन्त्रको निर्माण गर्ने र तेस्रोमा चरा तथा तिनको वासस्थानको व्यवस्थापन र संरक्षण गर्ने रहेको छ। उक्त परियोजना सफल बनाउनको लागि नेपाल पन्छी संरक्षण संघले सोहि क्षेत्रको स्थानीय संस्था 'उच्च पहाडी संस्था नेपाल'सँग समन्वयन गरेको छ।



मिति २०८२ साल माघ १३ गते नेपाल पन्छी संरक्षण संघ र उच्च पहाडी संस्था नेपाल बिचको छलफलमा उक्त परियोजना इलाम जिल्लाको सन्दकपुर गाउँपालिका वडा नं. १, ३ र ५ मा लागू हुने साथै पन्छी संरक्षण र जीविकोपार्जनको लागि उक्त क्षेत्रमा बसोबास गर्ने कृषकको जीवनस्तर उकास्नका लागि अलैंची खेतीको माध्यम छनौट गर्ने गरी परियोजना सञ्चालन गर्दै कार्यक्रम अनुमोदन गर्ने निर्णय भयो। उक्त निर्णय पश्चात मिति २०८२ साल माघ १४, १५ र १६ गते वडा नं. १, ३ र ५ मा सोहि स्थानका कृषक र सामुदायिक वनका पदाधिकारीसँग समन्वयन गरी अलैंची कृषक समूह गठन भएको थियो र नामाकरण क्रमश: माईपोखरी वन चाहा अलैंची कृषक समूह, सुलुबुङ्ग वन चाहा अलैंची कृषक समूह र जमुना वन चाहा अलैंची कृषक समूह रहेको छ।

## माई उपत्यकामा चरा सर्वेक्षण

नेपाल पन्छी संरक्षण संघ, 'समुदाय र प्रकृतिको हितका लागि दिगो वित्तीय संयन्त्रमार्फत माई उपत्यका वन क्षेत्रको संरक्षण' परियोजना अन्तर्गत मिति २०८२ साल फाल्गुन ४ देखि १४ सम्म माई उपत्यका महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्रमा हिउँदे समयको चरा सर्वेक्षण सम्पन्न गरेको छ। सर्वेक्षण समुन्द्र सतहदेखि करिब १२० मिटरको उँचाइमा रहेको झापा जिल्लाको सुखानी जङ्गल, दोमुखा-पार्क, धुलाबारी कृषि भूमिदेखि ३६०० मिटरको उँचाइमा रहेको इलाम जिल्लाको सन्दकपुरसम्म भएको थियो। पोइन्ट काउन्ट गणना विधि प्रयोग गरिएको सर्वेक्षणमा २६४ प्रजातिका चराहरू अभिलेख गरिएको छ। चराको महत्त्वपूर्ण वासस्थान भएको उक्त क्षेत्रमा आउने ग्रीष्मकालीन सर्वेक्षण पनि गरिने भएको छ। जस्ले गर्दा थप नयाँ प्रजातिका अभिलेख भई प्रजाति सङ्ख्यामा पनि बृद्धि हुनुको साथै चराको वासस्थान, बसाइसराइ अवश्था बुझ्नलाई पनि थप टेवा पुग्ने छ।



## सन्दकपुरमा चरा पहिचान, महत्त्व, वासस्थान संरक्षणमा चुनौती र संरक्षणका प्रयाससम्बन्धी तालिम सम्पन्न

नेपाल पन्छी संरक्षण संघ, 'समुदाय र प्रकृतिको हितका लागि दिगो वित्तीय संयन्त्रमार्फत माई उपत्यका वन क्षेत्रको संरक्षण' परियोजना अन्तर्गत मिति २०८२ साल चैत २५ र २६ गते इलाम जिल्लाको सन्दकपुर गाउँपालिका वडा नं. ५, जमुनामा दुईदिने तालिम सम्पन्न भएको छ। तालिमको पहिलो दिन चरा पहिचानका तरिकाहरू र दोस्रो दिन चराको महत्त्व, वासस्थान संरक्षणमा चुनौती र संरक्षणका प्रयासहरूसम्बन्धी सिकाइएको थियो। तालिममा जमुना वन चाहा अलैंची कृषक समूहका पदाधिकारीहरू र सामुदायिक वन उपभोक्ता समितिका सदस्यहरूको सक्रिय सहभागिता रहेको थियो। तालिमपश्चात उपस्थित प्रशिक्षार्थीलाई समूह विभाजन गरी आ-आफ्नो क्षेत्रमा पाइने चराहरू, वासस्थान संरक्षणमा देखिएका चुनौतीहरू र गर्न सकिने संरक्षणका प्रयासहरूबारे समुहिक छलफन गराई प्रस्तुति दिन लगाइको थियो।



सहभागीहरू मध्य सामुदायिक वनको नेतृत्व गर्ने पाँचवटा सामुदायिक वनलाई एकएकवटा नेपालका चराहरू भन्ने पुस्तक पनि हस्तान्तरण गरिएको थियो। पुस्तक ग्रहण गरिसकेपछी उहाँहरूले चरा पहिचान सहज हुनुका साथै, संरक्षणमा आफूपनि लाग्ने र अरुलाई पनि सचेतना गराई संरक्षणमा सहयोग पुऱ्याउने जानकारी गराउनु भयो।

## सन्दकपुरमा अलैंची खेतीसम्बन्धी तीनदिने तालिम सम्पन्न

नेपाल पन्छी संरक्षण संघ, 'समुदाय र प्रकृतिको हितका लागि दिगो वित्तीय संयन्त्रमार्फत माई उपत्यका वन क्षेत्रको संरक्षण' परियोजना अन्तर्गत मिति २०८२ साल चैत २८, २९ र ३० गते इलाम जिल्लाको सन्दकपुर गाउँपालिका वडा नं. ३, सुलुबुङ्गमा तीनदिने अलैंची खेतीसम्बन्धी तालिम सम्पन्न भएको छ।



उच्च पहाडी संस्था नेपालका लेखापाल उमेश साउदेनले सञ्चालन गर्नु भएको तालिमको ब्रिफिङ्ग उक्त संस्थाका प्रबन्धक धन बहादुर खाम्दाकले गर्नुभएको थियो। तालिम सोहि संस्थाकै सभाहलमा भएको थियो भने फिक्कल, इलामबाट अलैंची विकास केन्द्र प्रमुख तथा माटो विज्ञ राजु ढकाल र जुनियर प्राविधिक दिल बहादुर श्रेष्ठज्यूले प्रशिक्षण गर्नुभएको थियो। तालिममा सुलुबुङ्ग वन चाहा अलैंची कृषक समूहद्वारा १७ जना पुरुष र ७ जना महिलासहित जम्मा २४ जनाको सहभागिता रहेको थियो।

विज्ञहरूले अलैंची खेतीको परिचय, महत्त्व, वर्तमान अवस्था, समस्या र चुनौतीहरू, अलैंची बालीको प्रसारण विधि, अलैंचीको जात र तिनको विशेषता, अलैंची बगान स्थापना तथा व्यवस्थापन, अलैंची बिरुवा उपचार र माटो तथा मलखाद व्यवस्थापन, अलैंची बालीमा लाग्ने प्रमुख रोग, कीरा तथा तिनको व्यवस्थापन, अलैची प्रशोधन तथा भण्डारण लगायत विषयमा सैद्धान्तिक कक्षासँगै अलैंची बगानका लागि प्रयोगात्मक तरिकाले पनि सिकाउनु भएको थियो। तालिम पश्चात सबै सहभागीलाई प्रमाण-पत्र वितरण गरिएको थियो भने तालिमको समापन उच्च पहाडी संस्था नेपालका अध्यक्ष दिनेश कुमार सुबेदीले गर्नु भएको थियो।

## दाङ देउखुरी चुरे तथा पश्चिम राप्ती महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्रमा विश्व सिमसार दिवस

नेपाल पन्छी संरक्षण संघले बर्डलाइफ इन्टरनेशनलको सहयोगमा 'दाङ देउखुरी चुरे तथा पश्चिम राप्ती महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्रमा आप्रवासी चरा संरक्षणका लागि स्थानीय सरकार र समुदायको संलग्नता' परियोजना अन्तर्गत देउखुरी क्षेत्रको विभिन्न स्थानहरूमा फेब्रुअरी २ तारिख अर्थात २०८२ माघ १९ गतेका दिन अन्तरक्रियात्मक सचेतनामूलक कार्यक्रमहरू सम्पन्न गरेको थियो। कार्यक्रमहरू लमही नगरपालिका-२, राप्ती गाउँपालिका, राजपुर गाउँपालिका-१, राप्ती गाउँपालिका-७ तथा गढवा गाउँपालिकाको सेमरी क्षेत्रमा आयोजना गरिएका थिए। उक्त कार्यक्रमहरूमा समुदायका अगुवा, स्थानीय तहका जनप्रतिनिधि, आदिवासी समुदाय, विद्यार्थी, स्थानीय संरक्षण समूह तथा सामुदायिक वनका प्रतिनिधिहरू गरी जम्मा १०२ जनाको सहभागिता रहेको थियो।

कार्यक्रमको मुख्य उद्देश्य सिमसार संरक्षणमार्फत चराचुरुङ्गी तथा जैविक विविधता संरक्षणबारे जनचेतना अभिवृद्धि गर्नुका साथै सिमसारका सामाजिक, आर्थिक तथा वातावरणीय सेवाबारे जानकारी गराउनु रहेको थियो। सहभागीहरूले सिमसार संरक्षणमा स्थानीय सरकारको सक्रिय भूमिका आवश्यक रहेको धारणा व्यक्त गर्दै स्थानीय तहका प्रतिनिधिहरूले आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएका थिए। कार्यक्रमले सिमसार तथा यसमा आश्रित जैविक विविधता संरक्षणका



लागि स्थानीय समुदाय, सरकार तथा सरोकारवाला निकायबीच सहकार्य सुदृढ हुने अपेक्षा गरिएको छ।

## दाङ देउखुरीको चुरे तथा पश्चिम राप्ती महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्र र बाँकेको राप्ती नदी तथा आसपासका तालतलैयाहरूमा जलपन्छी गणना

नेपाल पन्छी संरक्षण संघले स्थानीय समुदायमा आधारित संरक्षण संस्थाहरूको सक्रिय सहभागितामा सन् २०२५/२६ का तीन महिनामा जलपन्छी गणना सम्पन्न गरेको छ। उक्त गणना बर्डलाइफ इन्टरनेशनल को सहयोगमा सञ्चालन गरिएको 'दाङ देउखुरीको चुरे तथा पश्चिम राप्ती क्षेत्रमा आप्रवासी चराहरूको संरक्षणकालागि स्थानीय सरकार र समुदायको संलग्नता' परियोजना अन्तर्गत गरिएको हो।




दाङ देउखुरीको चुरे तथा पश्चिम राप्ती महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्र र बाँकेको राप्ती नदी तथा आसपासका तालतलैयाहरूमा सन् २०२५ डिसेम्बर १५ देखि १७, सन् २०२६ जनवरी ११ देखि १५ र फेब्रुअरी २३ देखि २५ सम्म गणना गरिएको थियो।

उक्त गणनामा कुल १७७ प्रजातिका ६,८१८ वटा चराहरू अभिलेख गरिएकोमा ४५ प्रजातिका ४,५५१ जलपन्छीहरू समावेश रहेका थिए। गणनामा सबैभन्दा बढी चखेवाचखेवी (१४८५), बगाले सिमकुखुरा (३९७), सिलसिले हाँस (३४०), मणितुन्डक (२६४), खडखडे हाँस (२५६) जस्ता प्रजातिहरू अभिलेख गरिएका थिए।

## रेसुङ्गा वन संरक्षण क्षेत्रमा मौरीपालनमा सहयोग

नेपाल पन्छी संरक्षण संघले, "बी द चेन्ज" कार्यक्रम मार्फत गुल्मी जिल्लाको रेसुङ्गा वन संरक्षण क्षेत्रमा मौरीपालन प्रवर्द्धन गर्ने उद्देश्यले ५ दिने मौरीपालन तालिमको आयोजना गरेको छ। २०८२, फागुन २९ देखि चैत्र ०३ मा आयोजना गरिएको मौरीपालन तालिममा रेसुङ्गा वन संरक्षण क्षेत्र अर्न्तगत रेसुङ्गा नगरपालिका वडा नं. ९ र १० का २५ जना सहभागीहरू तलिममा उपस्थित भएका थिए। कार्यक्रममार्फत मौरी पालन प्रवर्द्धन गर्न नेपाल पन्छी संरक्षण संघले, तालिमका सहभागीहरूलाई मौरी पालन प्रवर्द्धन गर्न आवश्यक सामग्री तथा



उत्पादन बजारीकरणकालागि मौरीको मह राख्ने ३७५ डब्बा तथा ब्रान्डिङ् स्टिकरसमेत सहयोग गरेको छ।

## डिभिजन वन कार्यालय देउखुरी (दाङ) र अन्तर्गतका सब-डिभिजन वन कार्यालयहरूसँग महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्र संरक्षणसम्बन्धी बैठक

नेपाल पन्छी संरक्षण संघले डिभिजन वन कार्यालय, देउखुरीको समन्वयमा वि.सं. २०८२ साल चैत्र २९ गते 'महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्र संरक्षण'सम्बन्धी बैठक आयोजना गरेको थियो। उक्त कार्यक्रम बर्डलाइफ इन्टरनेशनल को सहयोगमा सञ्चालित 'देउखुरी क्षेत्रमा आप्रवासी चराहरूको संरक्षणका लागि स्थानीय समुदाय र सरकारको संलग्नता' नामक परियोजना अन्तर्गत पहिचान गरिएका महत्त्वपूर्ण चरा वासस्थान क्षेत्रहरूबारे छलफल तथा परामर्श गर्ने उद्देश्यले आयोजना गरिएको थियो।

कार्यक्रममा डिभिजन वन कार्यालय, देउखुरी तथा अन्तर्गतका सब-डिभिजन वन कार्यालयका पदाधिकारीहरू, साथै समुदायमा आधारित संरक्षण संस्थाहरूको सहभागिता रहेको थियो। बैठकमा डिभिजन तथा सब-डिभिजन वन कार्यालयहरूले आगामि दिनहरूमा देउखुरी क्षेत्रका चरा तथा जैविक विविधता संरक्षणका लागि सामुदायिक वनको कार्ययोजनामा सम्बन्धित विषयहरू समावेश गरी प्रभावकारी रूपमा



कार्यान्वयन गर्ने र नेपाल पन्छी संरक्षण संघ र स्थानीय समुदायसँग सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

## गिद्धमा जीपीएस ट्याग जडान

नेपाल पन्छी संरक्षण संघले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको सहकार्यमा शुक्लाफाँटा क्षेत्रमा १५ वटा डङ्गर गिद्धमा जीपीएस ट्याग जडान गरेको छ। शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज क्षेत्रमा गिद्धको अध्ययन शुरु गरेको करिब २ वर्ष भएको छ। २०२३ को डिसेम्बरबाट नेपाल पन्छी संरक्षण संघले १० वटा डङ्गर गिद्ध र ४ वटा सानो खैरो गिद्धमा जीपीएस जडान गरी शुरु गरिएको थियो। यस वर्ष २०८२ साल फागुन २६ देखि चैत ६ सम्म १५ वटा डङ्गर गिद्धमा जीपीएस ट्याग जडान गरिएको हो। गिद्धको गतिविधि, आहाराका लागि विचरण गर्ने क्षेत्रको पहिचान र विचरण क्षेत्रलाई सुरक्षित बनाउनकालागि जीपीएसबाट अनुगमन गरिन्छ।

## घोडाघोडी ताल क्षेत्रमा विश्व सिमसार दिवस मनाइयो

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदुरपश्चिम प्रदेश, घोडाघोडी नगरपालिका, डिभिजन वन कार्यालय पहलमानपुर, नेपाल पन्छी संरक्षण संघ, वसन्ता संरक्षित वन परिषद र पहलमानपुर सामुदायिक वन समन्वय समितिले विश्व सिमसार दिवस २०८२ साल माघ १९ गते घोडाघोडी ताल क्षेत्रमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको थियो। त्यसैगरी नेपाल पन्छी संरक्षण संघले घोडाघोडी ताल क्षेत्रमा चरा अवलोकन गरेको थियो।







उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रलायका प्रदेश सचिव श्री दिर्घ नारायण कोइराला ज्युको प्रमुख आथित्यमा भएको कार्यक्रममा घोडाघोडी नगरपालिका नगरप्रमुख खडक बहादुर रावत विशेष अतिथि रहनु भएको थियो भने जनक पाध्य ज्युको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा घोडाघोडी नगरपालिका नगरप्रमुख, डिभिजन वन कार्यालय पहलमानपुर कैलालीको डिभिजनल वन अधिकृत, वसन्ता संरक्षित वन परिषद पहलमानपुर लगायतको, सहभागिता रहेको थियो। स्थानीय सरोकारवालाहरू प्रकृति संरक्षण समूह , विद्यालय स्तरीय इको क्लब, र घोडाघोडी मञ्च, माघी होमस्टे लगायत करिब ३०० भन्दा बढि मानिसको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा विभिन्न निकायबाट सहभागी भएका व्यक्तिहरूले घोडाघोडी ताल क्षेत्रमा पाइने चराको महत्त्व र दिवसको महत्त्वबारे आ-आफ्नो विचार राखेका थिए।

## गिद्ध संरक्षणका लागि विषाक्त औषधी न्यूनीकरणसम्बन्धी प्रदेशस्तरीय कार्यशाला गोष्ठी सम्पन्न

नेपाल पन्छी संरक्षण संघले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, डोटीको सहकार्यमा २०८२ चैत १७ गते गिद्धका लागि विषाक्त नन-स्टेरोइडल एन्टी-इन्फ्लेमेटरी ड्रग्स (NSAID) को प्रयोग न्यूनीकरण तथा पशुचिकित्सा अभ्यासमा सुरक्षित NSAIDs को प्रवर्द्धन गर्ने उद्देश्यले प्रदेशस्तरीय कार्यशाला गोष्ठी महेन्द्रनगर, कञ्चनपुरमा सम्पन्न भएको छ।

कार्यशालामा उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रलायका प्रदेश सचिव श्री दिर्घ नारायण कोइराला ज्यु, सरकारी निकाय, पशु सेवा क्षेत्रका प्रतिनिधि, पशुचिकित्सक, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, नगरपालिकाहरू, डिभिजन वन कार्यालय, चुरे संरक्षण सञ्जाल, सामुदायिक वन समन्वय समिति, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति नेचरगाइड, कञ्चनपुर पन्छी संरक्षण समूह, तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो। कार्यक्रममा गिद्ध संरक्षणमा विषाक्त औषधीहरूको असर, सुरक्षित विकल्पहरूको प्रयोग तथा सम्बन्धित निकायबीच समन्वय र सहकार्यलाई सुदृढ बनाउने विषयमा छलफल गरिएको थियो। यस कार्यक्रमले गिद्ध संरक्षण तथा सुरक्षित पशुचिकित्सा अभ्यास प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने छ।

## आजीवन सदस्य

श्री आश बहादुर तामाङ ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। पेशाले नेपाल आर्मीका रिटायर्ड मेजर जनरल हुनुका साथै पन्छी तथा जैविक विविधताप्रेमी पनि हुनुहुन्छ। वहाँले वन्यजन्तु फोटोग्राफीमा पनि रुचि राख्नुका साथै पन्छी तथा जैविक विविधता संरक्षणका लागि धेरैनै योगदान पनि दिनुभएको छ।

सुश्री आभा भन्डारी ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। वहाँ विधार्थी हुनुका साथै पन्छी तथा जैविक विविधताप्रेमी पनि हुनुहुन्छ।

श्री अजय खड्का ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। पेशाले वहाँ आईटी कन्सल्टेन्ट हुनुका साथै पन्छी तथा जैविक विविधताप्रेमी पनि हुनुहुन्छ।

**BirdLife** INTERNATIONAL

**BirdLife International** विश्वभरिका चरा संरक्षण गर्ने संस्थाहरूसँग साझेदारी, प्रतिनिधि नियुक्त गरेर वा लगनशील पन्छीविद् व्यक्तिहरूसँग मिलेर काम गर्ने संस्था हो। नेपाल पन्छी संरक्षण संघ यस संस्थाको नेपालका लागि साझेदार संस्था हो।

**BirdLife International** ले विश्वभरिका चराहरू र त्यसको वासस्थान संरक्षणका लागि काम गर्नु र यसबाट जैविक विविधता जगेर्ना गर्ने गर्दछ। यसले चराहरूलाई परिरहेको समस्या तिनीहरूको वासस्थान र विश्व वातावरणलाई सामाजिक, आर्थिक र साँस्कृतिक पक्षसँग अन्तर सम्बन्ध स्थापित गरी वातावरणीय तथा सामुदायिक दिगो विकास गर्ने प्रमुख लक्ष्य राखेको छ।

**BirdLife International** ले चराहरूका लागि महत्त्वपूर्ण योगदान गरेको छ। चराहरू वातावरणका सङ्केतक हुन् र यिनीहरूले वातावरणीय प्रक्रियामा महत्त्वपूर्ण योगदान गर्दछन्। यिनीहरूले मानवको प्राकृतिक प्रक्रिया बुझ्न मद्दत गर्दछन्। पन्छीहरूको निकै ठूलो आर्थिक महत्त्व छ र तिनीहरूले मानव समुदायलाई धार्मिक तथा साँस्कृतिक रूपले शताब्दीऔँदेखि उत्साहित र आनन्दित पार्दै आएका छन् जसले वातावरणीय चेतना बढाउने अन्तर्राष्ट्रिय दूतको रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्।

बर्डलाइफ इन्टरनेशनलका प्रमुख कार्यहरूमध्ये पन्छीहरूका महत्त्वपूर्ण क्षेत्रहरू (Important Bird & Biodiversity Areas, IBAs) पत्ता लगाई त्यसको तथ्याङ्क राख्नु हो। नेपालमा पनि पन्छीका महत्त्वपूर्ण क्षेत्रहरू तयार पार्ने कार्य नेपाल पन्छी संरक्षण संघले गरेको छ।

## कार्यक्रम तथा उद्देश्यहरू

- विश्वव्यापी रूपमा पन्छी विविधता तथा तिनका वैज्ञानिक अध्ययन अनुसन्धान र अनुगमन गर्ने।
- विश्वव्यापी रूपमा पन्छी संरक्षण र यिनीहरूको विविधता, प्राकृतिक स्रोतको दिगो विकासका बारेमा नियम बनाउने तथा त्यसबारे प्रकाश पार्ने।
- वन्यजन्तु र मानव समाजका लागि सामुदायिक रूपमा भू-भागको सदुपयोग गर्न राष्ट्रिय रूपमा कार्यक्रम गर्ने।
- पन्छी र यसको संरक्षणका लागि विभिन्न मुलुकमा रहेका संरक्षणसम्बन्धी संस्था तथा व्यक्तिहरूसँग सम्बन्ध स्थापित गर्ने।

नेपाल पन्छी संरक्षण संघ चरा र चराको वासस्थानको संरक्षणमा काम गर्ने अग्रणी गैर सरकारी संस्था हो। सन् १९८२ मा स्थापित यस संस्थाको जनसाधारणमा चराहरूका बारेमा ज्ञान अभिवृद्धि गर्ने प्रमुख खतरा पत्ता लगाउने, तिनीहरूको वासस्थान संरक्षण गर्ने र विभिन्न समुदायको जीविकोपार्जनमा पनि टेवा दिने मूल सिद्धान्त रहेको छ।

यस संस्थाले चरा तथा जैविक विविधता संरक्षण गर्नका लागि अन्तर्राष्ट्रिय स्तरमा महत्त्व राख्ने नेपालमा ४२ वटा महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्रहरू पहिचान गरी कार्यक्रम गर्दै आइरहेको छ।

नेपाल पन्छी संरक्षण संघ यसका कार्यकारी बोर्ड, संरक्षकहरू, आजीवन तथा साधारण सदस्यहरू, संघका शुभचिन्तकहरू तथा क्रियाशील समर्थकहरू रहेको संस्था हो।

नेपाल पन्छी संरक्षण संघ बर्डलाइफ इन्टरनेशनलको नेपालस्थित सदस्य संस्था हो। हामी चरा तथा जैविक विविधताको संरक्षणका लागि सबैजनाको सहयोगको अपेक्षा गर्दछौँ।


## नेपाल पन्छी संरक्षण संघ

पोष्ट बक्स १२४६५, काठमाण्डौ, नेपाल

फोन ०१-४५१७८०५, ०१-४५२०२१३

इमेल bcn@birdlifenepal.org

वेबसाइट www.birdlifenepal.org



यस त्रैमासिक पत्रिकाको प्रकाशन सहयोगी संस्थाहरू

Royal Society for the Protection of Birds, UK

BirdLife International

- सम्पादक नवराज पोखरेल, जयनाथ भण्डारी
- लेआउट क्यालिग्राफिक डिजाइन स्टुडियो
- प्रकाशक नेपाल पन्छी संरक्षण संघ



*© २०८२ सर्वाधिकार नेपाल पन्छी संरक्षण संघमा निहित छ। यसमा प्रकाशित लेख र रचना लेखकका आफ्नै विचारहरू हुन्।*